दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ११९ | बुटवल | २०८२ बैशाख १३, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Apr. 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## आगलागी हुँदा ६ वर्षीय बालकको मृत्यु

गुल्मी । गुल्मीमा जलेर एक जना बालकको मृत्यु भएको छ ।

धुर्कोट गाउँपालिका-१ नयाँगाउँका ६ वर्षीय बालक विवेक नेपालीको मृत्यु भएको गुल्मीका प्रहरी नायब उपरीक्षक (डीएसपी) गंगाबहादुर सारुले बताए ।

मनि नेपालीको ढुंगा र माटोले बनेको २ तले कच्ची गोठमा बुधबार आगलागी भएको थियो । दिदी-भाइसँगै खेलिरहेको समयमा गोठमा आगलागी भएको थियो ।

डीएसपी सारुका अनुसार विवेकका ९ वर्षीया दिदी अस्मिले भने भागेर ज्यान बचाएकी छन् । आगलागी पूर्णरूपमा नियन्त्रणमा आइसकेको र घटनाबारे थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक लक्ष्मण विकको कमान्डमा टोली खटिएको डीएसपी सारुले जानकारी दिए ।

## आज तराईमा तातो हावा चल्ने



बुटवल । आज शनिबार तराईमा अत्यधिक गर्मी हुने सम्भावना रहेकाले सतर्कता अपनाउन मौसम पूर्वानुमान महाशाखाले सुझाव दिएको छ ।

महाशाखाले शुक्रबार साँझ ७ बजे विशेष बुलेटिन जारी गर्दै भनेको छ- मधेस प्रदेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका भू-भागमा (शनिबार) सम्म तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

मौसम महाशाखाका अनुसार तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरहरू जस्तैः थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्नछ ।

अतः यसबाट बच्न तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, चर्को घाममा बाहिर ननिस्किने, हल्का लुगा (सुतीको कपडा ) लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग सल्लाह सुझाव लिने सुझाव दिइएको छ ।

# मानसिक समस्याको निःशुल्क उपचार गर्न सर्वोच्चको परमादेश



**लुम्बिनी संवाददाता**
*बुटवल*

सर्वोच्च अदालतले मानसिक समस्याको निःशुल्क उपचार गर्न सरकारका नाममा परमादेश जारी गरेको छ ।

पछिल्लो समय मानसिक स्वास्थ्यको जोखिम बढीरहेको अवस्थामा सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नृपध्वज निरौलाले २०८१ मंसिर १७ गते गरेको फैसालको पूर्णपाठ शुक्रबार आएसँगै मानसिक स्वास्थ्यको क्षेत्रमा अब सरकारले वार्षिक बजेटमै कार्यक्रम ल्याउँदै निःशुल्क उपचार गर्नेदेखि अस्पतालहरुमा बहुआयामिक जनशक्तिको व्यवस्था गर्नुपर्ने भएको छ ।

मानसिक स्वास्थ्यका क्षेत्रमा लामो समयदेखि सक्रिय संस्था कोसिसका मातृका देवकोटाले हालेको रिटमाथि फैसला गर्दै सर्वोच्चले मानसिक स्वास्थ्यलाई पनि शारीरिक स्वास्थ्य सरह समानस्तरको व्यवहार प्रत्याभूत गराउन भनेको हो ।

त्यस्तै, तीनै तहका अस्पतालहरुमा मानसिक स्वास्थ्यका बहुआयामिक जनशक्ति व्यवस्था गर्न पनि परमादेश जारी भएको छ ।

आदेशअनुसार अब अस्पतालहरुमा मनोचिकित्सक, मनोविद, मनोचिकित्सा परिचारिका, मानसिक स्वास्थ्यसम्बन्धी सामाजिक कार्यकर्ता तथा साइकोथेरापिष्ट जस्ता जनशक्तिको व्यवस्था गर्नुपर्ने छ ।

'संघ तथा प्रदेश मातहतका सबै अस्पतालहरूमा बहुआयामिक जनशक्ति (मनोचिकित्सक, मनोविद, मनोचिकित्सा परिचारीका, मानसिक स्वास्थ्यसम्बन्धी सामाजिक कार्यकर्ता, साइकोथेरापिष्ट आदि) नियुक्त गरी मानसिक स्वास्थ्यको अन्तरंग तथा बहिरंग सेवा सुरुवात गर्नू । मानसिक स्वास्थ्यको क्षेत्रमा आबद्ध रहेका सामाजिक कार्यकर्ता र मनोविज्ञसम्बन्धी शिक्षण सिकाइलाई व्यवहारिक बनाई अनुमति पत्रसम्बन्धी आवश्यक व्यवस्था गरी सेवा प्रवेशका लागि मार्ग प्रशस्त गर्नू ।'-फैसलामा भनिएको छ ।

त्यसैगरी, मानसिक स्वास्थ्य सेवालाई स्थानीय सरकारले उपलब्ध गराउने सामुदायिक सेवा, स्वास्थ्य बिमा, अपाङ्गता परिचयपत्र, रोजगारी र संघ तथा प्रदेशअन्तर्गतका अन्तरसम्बन्धित सेवाहरूसँग आबद्ध गर्न पनि सर्वोच्चले आदेश गरेको छ ।

त्यस्तै, मानसिक स्वास्थ्यको क्षेत्रमा आयुर्वेद, योगलगायतका वैकल्पिक उपचार पद्धतिको अवलम्बन गरी समग्र जीवनशैलीमा परिवर्तन ल्याउने किसिमले आवश्यक व्यवस्था गर्न पनि आदेशमा भनिएको छ ।

बहुसंख्यक चासोको रुपमा रहेको मानसिक स्वास्थ्य चुनौतीपूर्ण बनिरहेको अवस्थामा यस्तो फैसलाले मानसिक स्वास्थ्यको क्षेत्रमा आमूल परिवर्तन ल्याउन विश्वास गरिएको छ ।

# सरकार र शिक्षकबिच आज निर्णायक वार्ता



**लुम्बिनी संवाददाता**
*बुटवल*

सरकार र आन्दोलनरत शिक्षकबिच आज शनिबार बिहान निर्णायक वार्ता हुने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव युवराज पौडेलले विज्ञप्ति जारी गरी शिक्षकहरूसँग शनिबार बिहान वार्ता गर्न लागिएको शुक्रबार सांझ जानकारी गराएका हुन् ।

पौडेलले जारी गरेको विज्ञप्तिमा वार्ता र संवादका माध्यमबाट आन्दोलनरत शिक्षकका समस्या समाधान गर्न शिक्षामन्त्री रघुजी पन्तले आह्वान गरेको उल्लेख छ ।

मन्त्रालयले शुक्रबारको बैठक कारणवश हुन नसकेको पनि मन्त्रालयले भनेको छ । मन्त्रालयले के कारणले वार्ता नभएको भन्ने नखुलाए पनि वार्ताका लागि शिक्षकहरूले सिंहदरबार प्रवेश पास नपाएपछि वार्ता हुन नसकेको हो ।

शिक्षक नेता सानुभाइ कार्कीका अनुसार मन्त्रालय प्रवेश गर्ने पास देखाए पनि प्रवेश नदिइएको र छुट्टै पास मागेपछि शिक्षकका प्रतिनिधिहरू रुष्ट हुँदै सिंहदरबार गेटबाटै फर्किएका थिए ।

मन्त्रालयले सर्वोच्च अदालतले बिहीबार जारी गरेको आदेश प्राप्त भएको र उक्त आदेशअनुसार नेपाल शिक्षक महासंघसँग छलफल गर्न लागिएको जनाएको छ ।

मन्त्रालयले शिक्षक महासंघका अध्यक्षसहित पदाधिकारीलाई छलफलमा सहभागी हुन आह्वान गरेको छ।

शिक्षक नेता कार्कीका अनुसार शनिबार बिहानको वार्ता निर्णायक हुन सक्छ। सर्वोच्च अदालतले बुधबार तीन दिनभित्र विद्यालयमा फर्किने वातावरण बनाउन निर्देशन दिएको थियो ।

शिक्षामन्त्री पन्तले संवाद तथा छलफल गरी सामूहिक रुपमा समाधानका उपाय खोज्न यथाशीघ्र वार्ताका लागि शिक्षक महासंघलाई वार्तामा आउन आह्वान गरेका थिए ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८२ बैशाख १३, गते शनिबार
तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

"जिउनु अपराध हो
मरेका मानिसहरूको देशमा
जहाँ मरेका घोडाहरूको जात्रा निकालिन्छ ।"
– सरूभक्त

('मरेका घोडाहरूको जात्रा'
कविताबाट)

भूकम्प स्मृति

# भागेर भूकम्पबाट



लक्ष्मण श्रेष्ठ

बुटवल जाने मान्छे नेपालगञ्ज जाने बसको उभिने सिटमा छौं । त्यो पनि दोब्बर भाडा तिरेर । हुलुमुलमा थिचिएका छौं । मान्छेको चेपाचेपमा शरीर निचरिएको छ । हतास छौं । हतारमा छौं । भाग्ने हतारमा थाहा छैन केके बोकेका छौं ? केके छोडेर हिंडेका छौं । यो पनि थाहा छैन, हामी आफैंले बोकेर ल्याएको शरीर आफ्नै हो वा अरु कसैको ? बस् काठमाडौं खाल्डोबाट उछिट्टिएर भाग्ने हतारो छ । यहीं  हतारो बिचमा सुदिपलाई हेर्छु । फुंग परेको मुहार । सुकेको ओंठ । सारा सपनाहरू उँडेर निख्ला भएका आँखाहरू । उसलाई देखेर म आफैं तर्सिन्छु । थाहा छैन म कस्तो भएको छु । यस्तो बेला कसले पो हेरोस् ऐना ?

काठमाडौं बसाईबाट पहिलो पटक घर फर्किरहेको एक किशोर के-के सोंच्छ ?  घरमा पुगेर आफन्त र साथीहरूलाई सुनाउन उसँग कति हुन्छन् कुराका चांगहरू ? सामान्य अवस्थामा हुन्थ्यो भने, उसँग सुनाउने कुरा धेरै हुन्थ्यो । काठमाडौंको घनाबस्ती । ठोकिंदै हिंड्ने मान्छेहरू । हतारमा हिंडिरहेका मान्छेमात्र होइन घण्टाघरको सुई पनि । रंगीचंगी फेसन । ठूलाठूला सपिंग मलहरू । र, धरहराको टुप्पोबाट हेर्दा कमिला जस्ता देखिने मान्छेका अहंकारहरू ।

तर अहिले ऊसँग केही छैन । छ त केवल एउटा मर्नबाट बाँचेको शरीर छ । र यो नै सबैभन्दा ठूलो कथा बनिदिएको छ । सबैलाई सुनाउने सबैभन्दा ठूलो कुरा भइदिएको छ ।

समयको एउटा विन्दुमा पुगेपछि नमर्नु पनि कत्ति ठूलो हुँदोरैछ ?

हो, मृत्युको पञ्जाबाट उम्केर आएका छौं, हामी ।

मृत्युले हामीसँग मजाक गरेर गएको छ ।

मृत्युले हाम्रो कानमा फुस्फुसाएर गएको छ ।

मृत्युको पछ्यौरीले सप्को हानेर गएको छ ।

मृत्युको गीत सुन्दासुन्दै हामी जीवनको गीत गाउने मोडमा आएका छौं ।

मृत्युबाट भागेर जीवनको खोजीमा दौडिरहेछौं ।

मृत्यु अस्ति आएको थियो ।

अस्ति(बैशाख १२ गते) सिविनमा काम गर्ने साथी विष्णु र म भृकुटीमण्डपमा रहेको एक चिया पसलमा चिया पिउँदै थियौं । नेपाल पर्यटन बोर्डको कार्यालय रहेको भवनको पूर्वी दिशामा । विष्णु नयाँ वर्षको पूर्व सन्ध्यामा ऱ्याफ्टिङ्ग गएको थियो । ऊ त्यसैको अनुभव सुनाउँदै थियो । म मख्ख परेर सुन्दै थिएँ ।

"एक ठाउँमा करिब बीस मिटर माथीबाट पानीमा हाम फालियो । क्या मज्जा आयो । झ्वाम्म !" ऊ भन्दैथियो एकाएक धर्ती हल्लिन थाल्यो । पहिलो पाँच सेकेण्ड हामीले केही महसुस गर्नैसकेनौं । भूकम्प कुनै पूर्व संकेत बिना आएको थियो । भूकम्प आएको थाहा पाउने घडीसम्म हामी आ-आफ्ना झोला टिपेर पर्यटन बोर्डको पर्खालको भित्ताको पिल्लरमा आड लिन भ्याइसकेका थियौं । जताततै धर्ती पानीको छाल जस्तै तरंगीत भइरहेथ्यो । रुख, भवन सबै हल्लिरहेका थिए । एकाएक कोलाहल सुरु भइसकेको थियो । पछिमात्रै थाहा भयो, चालिस सेकेण्डको झट्का थियो त्यो । तर हामीलाई चालिस मिनेट जस्तो लागिरहेथ्यो । विष्णुले मलाई हेऱ्यो, मैले उसलाई । शब्दहरू टाप कसिसकेका थिए । जीवन जोखिममा परेको बेला शब्दले पनि साथ नदिंदोरैछ ।

पहिलो झट्का सकिंदै गर्दा मनमा झ्याप्प आयो दुईजना साथीहरू पुस्तक किन्न पुतलीसडक गएका थिए । उनीहरूलाई पर्खेरै हामी यहाँ चिया पिईरहेथ्यौं । कहाँ होलान् ? तुरुन्त फोन गरें । जमिन थर्किरहेथ्यो । थाहा भयो, बाल्मिकी क्याम्पस अगाडि बाटोमा उनीहरू सुरक्षित छन् । बुटवलबाट फोन गरेको दाजुलाई सुरक्षित भएको बताउँदा बताउँदै अर्को धक्का सुरु भईगयो । पहिलो पटकको धक्कामा जीवनमोह भईसकेको थिएन । लागेकै थिएन, मर्नपनि सक्छौं । यसपटक मुटु नै हल्लियो । चिसो भयो सिंगो शरीर । बच्चा बोकेर सँगै उभिएकी थिइन्, एकजना दिदी । बच्चा रुन कराउन थाल्यो । वरिपरीको हाहाकारले झनै त्रसित बनायो । दोस्रो धक्का रोकिएपछि केही शान्त जस्तो भयो । हामी निस्कियौं त्यहाँबाट । बाल्मिकी क्याम्पसनेर रहेका साथीहरूलाई भेट्ने हतार थियो हामीलाई । भृकुटीमण्डपको गेटबाट निस्कँदा सडकभरी मान्छेहरू थिए । सबैको मुहारमा अत्यासको बादल मडारिरहेथ्यो ।

'धरहरा ढल्यो' हल्ला चलिसकेको थियो । हामीलाई विश्वासै भएन । अहिलेसम्म कतै केही भत्के-बिग्रेको देखिसकेका थिएनौं । बाल्मिकी क्याम्पस पुग्दा भने मन नै चिसो भइदियो । क्याम्पसको पर्खाल भत्केको थियो । साथीहरू अत्तालिइरहेथे । दिमागमा झ्वाट्ट आयो- म बस्ने होस्टल के भयो होला ? त्रिचन्द्र क्याम्पसको सबैभन्दा माथिल्लो तलामा रहेको ल्याबमा आज प्रयोगात्मक परीक्षा दिइरहेका  करिब ४५ जना साथीहरू के भए होलान् ? दिमागले केही सोंच्नै सकेन । मनमा पाप मात्रै पलाउन थाल्यो । पिल्लर बिनाको घरमा बसेको होस्टल पक्कै भत्कियो होला । एउटै टेबलमा संसारभरको गफ जोत्दै खाना खाने केटाहरू सबै च्यापिए होलान् । अब बाहिर रहेका ३/४ जना गएर तिनीहरूको च्यापिएको शरीर निकाल्नुपर्ने होला ।

'दरबार हाईस्कुल भत्कियो रे !' हिंड्दा पनि थर्किने त्रिचन्द्र के पो रह्यो होला र ?  त्यत्रा साथीहरू के भए होलान् ? त्यसमाथि रसायनशास्त्रको प्रयोगशाला । कडा अम्लका बोत्तलहरू फुटेर कतिको शरीर जल्यो होला ? उफ् !

यहींबेलामा मोबाइल फोनका नेटवर्कले धोका दिनथाल्यो । सबैलाई आफ्ना आफन्त जनको चिन्ता भएर होला सायद । सबैको फोन व्यस्त भए । कसैलाई पनि फोन लाग्न छोड्यो । पापी मन झनै पाप सोंच्न थाल्यो । धन्न एसएमएसले काम गऱ्यो । होस्टल सुरक्षित रहेछ । कलेजका साथीहरूको भने अत्तोपत्तो छैन । पछि मात्र थाहा भयो, सुरक्षित रहेछन् । बिचल्ली त अब सुरु हुँदैथ्यो । वाल्मिकी क्याम्पसको चौरमा बसेका हामी बसेको बस्यै भयौं । छिनछिनमा आइरहने धक्काले कतै पनि डेग चल्ने हिम्मत जुटाउन दिएन । पलपलमा आउने खबरहरूले मन अत्तालिइरह्यो । गोर्खा खत्तम भयो रे । भक्तपुर त माथीबाट हेर्दा ईट्टाभन्दा अरु केही देखिंदैन रे । पाटनको दरबार स्क्वायर पनि क्षतिग्रस्त भयो रे । बसन्तपुर पनि खत्तम भछ रे । लौ सगरमाथामा पनि हिउँ पहिरो गएर थुप्रै मान्छेहरू मरे रे । 'रे'हरूको बुई चढेर आएका खबरहरू र छिन-छिनमा आईरहने तीव्र धक्काहरू । भुकम्प त बल्ल शुरु हुँदैथ्यो । धक्का आउँथ्यो । लाग्थ्यो, जमिन मुनि केही छैन केवल खाली भाग छ । जमिनलाई टेको लगाएर ठड्याईएको छ । र, कसैले छिनछिनमा ती टेकाहरू हल्लाएर मजाक गरिरहेको छ ।

१२ बजेबाट बाल्मिकीको चौरमा शरण लिन थालेको चार बज्न आँट्यो । मान्छेहरू झन् भन्दा झन् थुप्रिन थाले । सबै हतास थिए । हतारमा थिए । ती भाग्न चाहन्थे । कहाँ ? सायद ती कसैलाई पनि थाहा थिएन । जहाँ जहाँ मान्छेहरू जम्मा भएका थिए, उनीहरू त्यहीं गईरहेथे । कसै-कसैले एफ.एम.मा समाचार सुनिरहेका थिए ।  एफ.एम.हरूले खेलेको भूमिका कम साहसिलो थिएन । छिन-छिनको धक्काबीचमा तिनले सूचना प्रवाह गरिरहेथे । हरेक सूचनाले मानिसलाई ताजा स्थितिको वर्णन गरिरहेथ्यो ।

"लौ मन्त्री परिषद्को बैठक सुरु भएछ", छेवैमा एफ.एम. रेडियो सुनिरहेको कसैले भन्यो ।

"पर्सिसम्म उद्धार गर्ने निर्णय गर्ला", अर्कोले टिप्पणी गरिहाल्यो ।

"प्रतिपक्षीले विरोध पनि गर्ने होला नी", अर्को थपियो । हाँसो फैलिन थाल्यो । अत्तासिएको बेला त हाँसेको नी नसुहाउने रैछ ।

संकटमा पो धेरै थोक सम्झिइंदोरैछ । साथमा भएको फोनमा चार्ज सकिंदै थियो । अर्को फोन सेट टेबलमै छोडेर आएँ । खाने कुरा राख्थें सधैं झोलामा । आज निकालेर आएँ । आजै हुनुपर्ने सबै । तनावले ताण्डव मच्चियो मनभरी ।

करिब पाँच बजेतिर म र अर्को एकजना साथी निस्कन थाल्यौं । घरमा एक्लै भएको भाईलाई भेट्न त्यो साथीलाई हतार थियो । उसको अनुहार मलिन थियो । भाई सुरक्षित छ भन्ने थाहा पाउँदा पाउँदै पनि उसको आत्तुरी कम भएकै थिएन  । बाल्मिकी क्याम्पसको गेटबाट निस्कँदै गर्दा अनेकन हल्लाहरू फैलिइरहेथे । 'फेरि सात बजे हान्छ रे' हल्ला मच्चिंदै थियो । म सडक बीचबीचमा घडी हेर्दै लम्किईरहेथें । न्यू प्लाजाबाट अनामनगर हुँदै बिजुली बजार पुग्दा ठाउँ ठाउँमा सिंहदरबार वरिपरीको पर्खाल भत्किएको थियो । मान्छेहरू हात-हातमा स-साना कुटुरा बोकेर जहाँ जहाँ खुल्ला चौर छ त्यहीं दौडिइरहेथे । समयको सानो अन्तरालमा काठमाडौंको व्यस्त दैनिकी तहसनहस भइसकेको थियो । सारा योजनाहरू एकाएक अलपत्र परेका थिए । जीवन असुरक्षाको प्रश्न अगाडि सारा प्रश्नहरू अस्तित्वहिन हुँदारैछन् । मृत्युको कालो छाँयामा जीवनसंघर्ष सबैभन्दा पेचिलो बन्दोरैछ ।

"दाई जीवन भनेको के रे ?"

कुरिनटारनेर जाममा फसिरहँदा अबितले कोट्याउँछ । म मुसुक्क हाँस्छु ।

बाटोमा जाम परेको छ । भूकम्पले पहाड हल्लायो । पहाड हल्लिंदा माटो कमजोर भयो । अनि पहिरो गयो । मुग्लिङ्ग र रामनगरको बिचमा गएको पहिरोले मनकामना जाने केबलकार भएको कुरिनटारभन्दा पनि पछाडिसम्म लामो ट्राफिक जाम बनाइदिएको छ । ६ घण्टासम्म लामो जाममा फसिरहँदा अचानक फ्रान्सेली कथाकार मोपासाँको कथा 'मोटी थसुल्ली' सम्झनामा आइदिन्छ । युद्धको मारमा परेर शहर छोडेर भाग्न बाध्य धनाढ्य र शहरका प्रतिष्ठित व्यक्तिहरूको भिडमा एउटी मोटी वेश्या पनि हुन्छे ।

बाटोभरी सबैजान त्यही मोटी थसुल्लीले बोकेको खानेकुरा खाँदै रमाइलो गर्छन् । विदेशी सेनाको घेराबन्दीमा परेपछि त्यो भिड बिच बाटोमै रोकिन्छ । विदेशी सेनाको अफिसरले अगाडि बढ्नको लागि सर्त तेर्साउँछ- 'मोटी थसुल्ली मसँग एकरात बिताउनुपर्छ ।' पेसाले वेश्या भएपनि मोटी थसुल्ली देशभक्त हुन्छे । उ विदेशी सेनासँग रात बिताउन मान्दिन । सर्त पूरा नहुँदासम्म त्यो भिड अगाडि बढ्न पाउँदैन । शहरका प्रतिष्ठित व्यक्तिहरूले मोटी थसुल्लीलाई विदेशी सेनाको अफिसरसँग सुत्न बाध्य बनाउँछन् । सबैको हितको निम्ति उसले मनले नचाहेर पनि शरीर सुम्पिदिन्छे । भोलीपल्ट उनीहरूले अगाडि बढ्ने स्वीकृति पाउँछन् । हतार-हतारमा मोटी थसुल्ली पनि यात्रामा सामेल हुन्छे । तर हतारोमा उसले खानेकुरा राख्न बिर्सन्छे । शहरका कथित इज्जतदारहरू यो समयमा उसँग बोल्नु त परै जाओस टाँसिएर बस्न पनि खोज्दैनन् जबकि तिनैले उसलाई विदेशी सेनासँग रात बिताउन बाध्य पारेका हुन्छन् । फ्रान्सका चर्चित कथाकार गे डे मोपासाँको यो कथा धेरै पहिले बुटवलको ज्ञानज्योति पुस्तकालयमा पढेको थिएँ । त्यतिबेला पनि नराम्ररी मन चिमोटेको थियो कथाले । आज फेरी मृत्युदेखि भागेर जीवन खोज्दै हिंडेको यो यात्रामा अचानक सम्झनामा आइदियो । के यो यात्रामा पनि मोटी थसुल्ली र प्रतिष्ठित मान्छेहरू नहोलान् ? अनि तिनको चरित्र अझैं पनि उस्तै होला । यो लामो जाममा त्यो मोटी थसुल्ली भोकै होली । मनभरी उदासीको बादल मडारिन थाल्यो ।

"दाइ जीवन भनेको के रे ?", अबितले फेरि कोट्याउँछ । म फेरि उसैगरी मुस्काइदिन्छु । जवाफ सुदीपले दिन्छ । हिजो राती हामीले जीवनको नयाँ परिभाषा फेला पारेका छौं ।

एक रात खाली खेतमा पल्टिएपछि हाम्रा आँखाहरू अनिदा भएका छन् । दिनभरको होहल्ला र तनावले विक्षिप्त बनाइसकेको छ ।  पत्रिकाका पानाभरी छापिएका भत्किएका शहर र मरेका मान्छेहरूको तस्विरले मनमा त्रास जन्माईदिएको छ । त्यसैमा हिजो दिउँसो अर्को ठूलो भूकम्प गयो । संविधान सभा भवनको परिसरमा पल्टेर हामीले सामुन्नेको भवन पिंग खेलिरहेको देख्यौं । छिन-छिनको हल्लाले मनमा पटक-पटक भूकम्प गयो । सुरक्षित हुन होस्टल भरका हामी सबै नजिकैको खेतमा पल्टिएका थियौं हिजोदेखि । गत राती पनि खेतकै बास भइदियो । जीउ ओडाउने गुन्टा बोकेर होस्टलदेखि खेत, खेतदेखि होस्टल गर्दा त्रास झनै बढिदियो । त्यसैमा राती पानी परिदियो ।

पानीले होस्टलभित्रै बस्न बाध्य गराइदियो । त्यहींबिचमा अर्को धक्का आइदियो । फेरी भागदौड मच्चियो । अब भित्र पस्ने तागत कसको ? मध्यरातमा हामीले खेतमा बिछाउन प्लास्टिकका बोरा काट्न थाल्यौं । मूलगेट र मेरो बिचमा काठको सानो टेबल थियो । केटाहरू कराउँदै थिए- 'दाइ तिमी यता गेटनेर आएर बोरा काट, भूकम्प आइहाल्यो भने टेबलले भाग्न गाह्रो बनाउँछ ।' स-साना विषयमा पनि सबै सतर्क थिए । सन्त्रस्त समयले सतर्क बन्न सिकाउँदोरैछ ।

मध्यरात कट्दा पनि हामी खेतमा पल्टिरहेका थियौं । यो अवस्था हाम्रो मात्रै थिएन । कम्तीमा काठमाडौं उपत्यकामा कोही पनि घरभित्र बस्न सक्ने अवस्था थिएन । के करोडपति के गरिब सबै एकै ठाउँमा आइपुगेका थिए खुला चौरमा, खुला खेतहरूमा । नांगो आकाशमुनि जीवनको खोजमा । हो, त्यति नै बेला हामीबिच जीवनको परिभाषा खोजी भयो । कसैले के भन्यो, कसैले के । अन्तिममा मेरो दिमागमा फुऱ्यो । म फुसफुसाएँ- "साथी हो, अहिले मलाई लागिरहेछ जीवन मृत्युदेखि भाग्ने खेल हो ।"

"कसरी ?"

"हामी हरेक पल मृत्युदेखि भाग्ने प्रयास गरिरहन्छौं । जे गर्छौं, मृत्युलाई टार्न गर्छौं । मृत्युदेखि भाग्ने खेल खेल्दाखेल्दै हामी अन्तिममा मृत्युको काखमा पुग्छौं ।"

"यो त अस्तित्ववादी सोंच भयो ।" कसैले टिप्पणी गऱ्यो ।

"अहिले के हामी मृत्युबाट भागिरहेका छैनौं त ?" अर्कोले मे

रो भनाईमा सम्मति जनायो ।

सोमबार (बैशाख १४) बिहान मृत्युदेखि भाग्ने सिलसिलामा हामी बुटवल जानको लागि नेपालगञ्जको बसमा उभिरहेथ्यौं । हामीसँग घर जानुको उमंग कम र बाँच्नुको हतारो बढी थियो । पछि मैले फेसबुकमा काठमाडौं उपत्यकाका एक रैथाने साथीको टिप्पणी पढें । आपतको बेला काठमाडौं छोड्नेहरूलाई उनी कायर भन्दैथिए । हामी सायद कायर नै हौंला । हामीले त्यस्तो बहादुरीको काम पनि गरेका हैनौं । बस्, जीवन जिउने निहुँमा मृत्युदेखि भाग्न खोजेका मात्रै हौं । ती साथीलाई मेरो प्रश्न छ- "हामीले के नै गल्ती गऱ्यौं र ? प्रकृतिको हिंसात्मक रुपसँग सिंगो मानवसमाज त्रसित भइरहेको समयमा जीवनको खोजी त गरेका हौं । र, यो खोजी गर्दा हामीले सायद काठमाडौंका रैथानेहरूलाई पनि फाईदै पुराइरहेछौं । एक छाक चिउरा भए पनि, एक बोत्तल पानी भएपनि हामीले आवश्यकता कम गराइदिएका छौं, काठमाडौं छोडेर ।" १३ घण्टासम्म खडे बाबा भएर यात्रा गरेपछि हामी बुटवल आइपुग्छौं । जीवनको न्यानो बतासले कानमा आशाको गीत गाउँछ । बिहान उठ्दा यहाँका साथीहरू राहत संकलनको काममा व्यस्त हुन्छन् । राहत सामग्री कसरी पठाउने भन्नेबारे छलफल गरिरहेका हुन्छन् ।

दिउँसो चौराहामा उभिएर हेर्छु । पसलहरू खुलेका छन् । गाडी चलेका छन् । मान्छे निर्धक्क छन् । र जीवन मुस्काइरहेको छ ।

## कविता

# यो देश हो कसको ?



सञ्जय रोशन

बताउ बताउ मलाई
यो देश हो कसको ?
मेरा बुढा बाको ?
बेरोजगार भाइको ?
या परदेशी दाइको ?
थलिएकी आमाको ?
पुरानो ऋणको ?
घर खान्छु भन्ने बैङ्कको ?
या रहरै रहरमा सुख बेच्ने शहरको ?
बताउ बताउ मलाई
यो देश हो कसको ?

साँच्चै
खानेको कि खुवाउनेको
हँसाउने कि रुवाउनेको
बताउ बताउ आखिर
यो देश होकसको ?
साँचो कुरा पचाउनेको ?
कि आफू मरेर बचाउनेको ?
रातो कार्पेट चढ्नेको ?
कि सुशासन खोज्नेको ?
ब्रिफकेस आसार्नेको ?
कि यार्सा टिप्नेको ?
खानी बेच्नेको ?
कि गिट्टी कुट्नेको ?
बताउ बताउ मलाई
यो देश हो कसको ?

भारी बोक्नेको भरियाको ?
पसिना बेच्ने मजदूरको ?
सिंहदरबारमा सरकार चलाउनेको ?
कि सडकमा अधिकार खोज्नेको ?
बताउ बताउ मलाई
यो देश हो कसको ?

## बुँद रानाका दुई गजलहरू

### सुनझैं हजारचोटि...

सुनझैं हजारचोटि खारे पो जिन्दगी हो
कुन बेहोसीले भन्छ हारे पो जिन्दगी हो ?

गमलामा फूल साऱ्यौ खासै कमाल के भो ?
बाँझो भूमिमा बिरुवा सारे पो जिन्दगी हो ।

हो, काल चञ्चले छ आफ्नै लहडमा चल्छ
त्यसलाई च्याप्प छोपी नारे पो जिन्दगी हो ।

टाढै कतै बसेर हर्दम गिज्याउँछ जो
त्यो स्वर्गलाई भुइँमा झारे पो जिन्दगी हो ।

दानी हुनका निम्ति दौलत हुनेले बाँड्छन्
मानिसले आफैंलाई बाँडे पो जिन्दगी हो ।

मूर्दा हो जिउँदै त्यो जोजसले हार मान्यो
मृत्युले हार मानी छाडे पो जिन्दगी हो ।

जताततै डढेलो लाग्दा हरियो देख्ने
दोषी नजरको जालो फारे पो जिन्दगी हो ।

पर्दै नपर्दा दिक्क दिक्दार जिन्दगीमा
दुर्लभ बनेको चिट्ठा पारे पो जिन्दगी हो ।

औंला समाती खोली तार्न सजिलो हुन्छ
तुफानबाट डुङ्गा तारे पो जिन्दगी हो ।

अर्को जनम कसैले देख्यो न देख्न सक्छ
यही जिन्दगीमै बाजी मारे पो जिन्दगी हो ।

### सेती हो जिन्दगी...

सेती हो जिन्दगी, काली हो जिन्दगी
बग्न नजाने गन्दा नाली हो जिन्दगी ।

पैरिन्छ माला कैले मोसो दलाउँछ
ताली कतै कसैको गाली हो जिन्दगी ।

खल्ती जुवाडेको या खहरे भने हुने
छिन्मा भरिलो, छिन्मा खाली हो जिन्दगी ।

मीठो, नमीठो दाना, पक्वान पस्किने
टपरी कहीँ त सुनको थाली हो जिन्दगी ।

ढङ्ग नपुग्दा ढुङ्गा काँडा बिझाउँछ
हैन भने त फूलतको डाली हो जिन्दगी ।

सिद्धान्त हो कसैको सङ्घर्ष हो भने
कसैकसैको सालासाली हो जिन्दगी ।

दुर्गन्ध या अरुले लिने सुगन्ध हो
आफैं बगैंचा, आफैं माली हो जिन्दगी ।

रुँदा करुणगाथा हो किन्तु गाउँदा
झाम्रे, भजन, गजल र ख्याली हो जिन्दगी ।

कसैकसैको डिस्को, पिकनिक हो यहाँ
कसैकसैको धर्ना ऱ्याली हो जिन्दगी ।

राती, अँधेरी, कोप्ची, काली भई त के
प्रभातमा उषाको लाली हो जिन्दगी ।

बिर्सी मुलुकलाई आफैंमा मस्त भै
भन्छ रे राजधानी– 'भ्याली हो जिन्दगी ।'

गाँसेमा फूल माला झुल्छ गलाभरि
च्यातेमा माकुराको जाली हो जिन्दगी ।

अग्लो हिमाल बन्छ उचाले हातले
भत्काए बालुवाको आली हो जिन्दगी ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४

# अवैध सामग्री बरामद




स्याङ्जा । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवलबाट पोखरातर्फ लैजाँदै गरेको अवैध सामग्री प्रहरीले बरामद गरेको छ । लु २ ख १९२१ नम्बरको मिनि ट्रकमा बिल नभएको खाद्य सामग्री पोखरा लैजाँदै गर्दा जिल्ला प्रहरी कार्यालय स्याङ्जाले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हरिप्रसाद पौडेलका अनुसार दुई प्रदेशको सीमा क्षेत्र स्याङ्जाको गल्याङ नगरपालिका १ स्थित राम्दीमा रहेको प्रहरीले चेकजाँच गर्ने क्रममा बिल नभएको अवैध सामग्री फेला परेको थियो ।

बिल नभएको अवैध चिनी ५० केजीका २१० बोरा, भुजा ५ केजीका ३९ बोरा र केराउ ३० केजीका १८ बोरा प्रहरीले नियन्त्रणमा लिएर सामाग्री बरामद गरेको छ ।

ट्रक चालक रुपन्देही जिल्ला शुद्धोधन गाउँपालिका ३ बस्ने २४ वर्षीय बसन्त परियार, सह-चालक पाल्पा रैनादेवी छहरा गाउँपालिका ४ बस्ने ४० वर्षीय सुमन विक र रुपन्देही जिल्ला सियारी गाउँपालिका ६ बस्ने २३ वर्षीय दिप्सन सुनारलाई प्रहरीले पक्राउ गरी आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाएको सूचना अधिकारी प्रहरी नायव उपरीक्षक पौडेलले जानकारी दिए ।

सिद्धार्थ राजमार्गअन्तर्गत गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको सिमा राम्दीमा बसेको प्रहरीको चेकपोष्टले बिहान नियन्त्रणमा लिएको थियो । बजारमा राजस्व छली गरेर सामग्रीहरु आउन थालेको जानकारी प्रहरीले थाहा पाएपछि चेकजाँचमा सक्रियता बढाएको डीएसपी पौडेलले बताए ।

प्रहरीले बरामद गरेको सामग्रीको बजार होलसेल मूल्य ११ लाख २२ हजार ९ सय ९० रहेको छ । जसमा चिनी १० लाख ५० हजार, भुजा १८ हजार ९ सय ९० र केराउ ५४ हजार होलसेल मूल्य रहेको छ ।

यती ठूलो रकम बराबरको सामग्रीको बिल नै नबनाई अवैध तवरबाट पोखरा लैजाँदै गरेको अवस्थामा नियन्त्रणमा परेको छ ।

# डिभिजन वन कार्यालयका प्रमुखलाई कारबाहीको माग

नवलपरासी । डिभिजन वन कार्यालयका कार्यालय प्रमुखलाई कारबाहीको माग गरिएको छ । डिभिजन वन कार्यालय प्रमुखका गतिविधिले जिल्लाको विकास निर्माण र राजस्व संकलनमा समेत बाधा पुग्ने भन्दै स्थानीय तहका प्रमुखहरुले कारबाहीको माग गरेका हुन् ।

डिभिजन वन कार्यालयका प्रमुख जीवन पंगेनीले चैत्र ५ गते ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन गर्न बसेको जिल्ला अनुगमन समितिको बैठकमा उपस्थित भई नियतवस उपस्थिति नजनाई बैठकबाट बाहिरिएको र फोन सम्पर्कमा समेत नआएपछि निजलाई कारबाहीको माग गरिएको हो ।

डिभिजन प्रमुखका कारण जिल्ला अनुगमन समितिको बैठकबाट सुनवल नगरपालिकाअन्तरगत पर्ने तुरीया खोला, विशासय खोला र भुमही खोलाबाट नर्दजन्य पदार्थ उत्खनन्का लागि राष्ट्रिय चुरेतराई मधेश संरक्षण विकास समितिमा सहमतिको लागि सिफारिस गर्ने सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गराउन कठिन भएको जनाउँदै उनीहरुले निजलाई कारबाहीको माग गरेका हुन् ।

जिल्ला समन्वय समिति नवलपरासी पश्चिमका प्रमुख भगौती यादवको अध्यक्षता र सात वटै स्थानीय तहका पालिका प्रमुख तथा अध्यक्षहरुको बैशाख २ गते बसेको संयुक्त बैठकले डिभिजन वन अधिकृतलाई कारबाहीको माग गरिएको हो ।

बैठकले डिभिजन वन कार्यालय नवलपरासी पश्चिमका डिभिजन वन अधिकृत जीवन पंगेनीले गत चैत्र ५ गते ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी बसेको जिल्ला अनुगमन समितिको बैठकमा उपस्थित भइ बैठकबाट सुनवल नगरपालिकाअन्तरगत पर्ने तुरीयाखोला, विशासय खोला र भुमही खोलाबाट नदीजन्य पदार्थ उत्खनन्का लागि राष्ट्रिय चुरेतराई मधेश संरक्षण विकास समितिमा सहमतिको लागि सिफारीस गर्ने सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गराउन कठिन भएको उक्त बैठकले ठहर गरेको छ ।

डिभिजन प्रमुख पंगेनीले विभिन्न किसिमका गैर जिम्मेवारपूर्ण व्यवहार गर्दै आएको तथा वनसम्बन्धी कुनै जिज्ञासा राख्दा समेत गैर जिम्मेवारपूर्ण जवाफ दिने गरेको, कुनै विषयको गम्भीरतालाई नजर अन्दाज गर्ने खालका कार्य गर्ने गरेकोले, कार्यालय प्रमुखबाट निर्वाह गर्नुपर्ने जनताप्रतिको गुनासोलाई समेत जिम्मेवारी रुपमा नलिने खालका गतिविधि गर्दै आएको हुँदा डिभिजन वन कार्यालयसँग जोडिएका विषयहरुको कार्यान्वयन गर्न समेत बाधा परिरहेको बैठकले जोड दिएको छ ।

डिभिजन वन अधिकृतका कारण सातवटै स्थानीय तहरुले वर्षौंदेखि संकलन गर्दै आएको राजस्व संकलनमा समेत प्रत्यक्ष अवरोध सृजना भएको हुँदा निजकै कारण जिल्लाले थप समस्याहरु भेल्नुपर्ने अवस्था सृजना हुने हुँदा निजलाई कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को प्रतिकुल हुने गरी प्रदेश सरकारबाट सामुदायिक वनले नदीजन्य पदार्थको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गरी बनाइएको कार्यविधिलाई आधार मानी वर्षौंदेखि स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको नदीजन्य पदार्थ संकलन, व्यवस्थापनमा अवरोध सृजना गर्न, विशेष गरी जिल्ला वन कार्यालयले भूमिका निर्वाह गर्ने गरेबाट स्थानीय सरकारको अधिकार क्षेत्र कटौती गर्ने खालको स्थिति देखिएकोले संङ्घीय कानुनको प्रतिकुल हुनेगरी प्रदेश सरकारले कार्यविधि बनाउन मिल्ने नमिल्ने विषयमा समेत सङ्घीय तथा प्रदेश सरकारमा ध्यानार्कषण गराउने निर्णय बैठकले गरेको छ ।

बैठकले गरेका निर्णय कार्यान्वयनका लागि जिल्ला समन्वय समितिले बैशाख ३ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्य मन्त्रीको कार्यालय लुम्बिनी प्रदेशमा ध्यानाकर्षण पत्र पठाइएको छ ।



## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.को

## सहकारीमा धितो राखेको अचल सम्पतिहरु लिलाम बिक्रि गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सुचना

( प्रकाशित मिति २०८२/०१/१३ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिका )

यस ग्रामीण बाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाई तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋणको यस सहकारी संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा , व्याज , हर्जाना तथा अन्य दै दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवम मिति २०८१।१२।०७ गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा सुचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । ऋणीले यस सहकारी संस्थाको नाममा धितो बन्धक लेखि दिएको तपशिल बमोजिमको सम्पति जहा जे जस्तो अवस्थामा छ , सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी सहकारी संस्था को नियमनानुसार लिलाम प्रकृयाद्वारा बिक्री गरिने भएको हुँदा उल्लेखित बमोजिमको मिति,समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गरिने भएकोले सो सम्पती खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनि, धितो जमानीकर्ता, इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि तथा सम्बद्ध सबैमा अनुरोध छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम विक्रि नभएमा सो सम्पति अन्य व्यवस्था गरि बेचबिखन गर्न सक्नेछ वा प्रचलित कानुन बमोजिम यस सहकारी संस्थाले सकार गरि लिन सक्ने र उक्त सम्पतिबाट यस सहकारी संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाहि अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८२/०१/२८बेलुका ४ बजे
स्थान : संस्थाको केन्द्रिय कार्यलय,
बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प

बोलपत्र खोलिने मिति
२०८२/०१/२९ बेलुका ४ बजे
स्थान : संस्थाको केन्द्रिय कार्यलय,
बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प

तपशिल

| क्र.सं. | ऋणीको विवरण | धनजमानी दिने व्यक्तीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | नामः सृष्टि गुरुङ<br>पतिको नाम : राज गुरुङ्ग<br>ससुराको नाम : गणेश बहादुर गुरुङ्ग<br>ठेगाना : बर्दघाट-१४, शुक्रवस्ती , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६७३०२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५९/१२/०२ | नाम : राज गुरुङ्ग<br>बाबुको नाम : गणेशबहादुर गुरुङ्ग<br>बाजेको नाम : टिका गुरुङ्ग<br>ठेगाना बर्दघाट-१४, शुक्रवस्ती , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ५३३२०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५६/१२/२३ | सृष्टि गुरुङ को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक दाउन्नेदेवी वडा नं./ नक्सा सिट नं. ८ ख कित्ता नं. ३६४ को क्षेत्रफल ०-०-११-१ विगाहा को जग्गा , सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |
| २ | नाम : श्री किसुन चौधरी<br>बाबुको नामः रुप नारायण चौधरी<br>बाजेको नाम : दल सिङ्गार<br>ठेगाना : बर्दघाट-१, माकर , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७६९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१५ | नाम : माया चौधरी<br>पतिको नाम : श्री किसुन चौधरी<br>ससुराको नाम :रुप नारायण चौधरी<br>ठेगाना : बर्दघाट-१, माकर, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :३७१००२/२६९०५<br>जि.प्र.का. :रुपन्देही<br>जारी मिति : २०६६/०८/२२ | श्री किसुन चौधरी को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविकमा कर वडा नं./ नक्सा सिट नं. ७ घ कित्ता नं. २८१ को क्षेत्रफल ०-०-७-० विगाहा को जग्गा र साविक जहदा वडा नं./ नक्सा सिट नं. ९ क कित्ता नं. ७४६ को क्षेत्रफल ०-०-१५-० विगाहाको जग्गा सो ले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |
| ३ | नाम : विरेन्द्र कुमार थारु<br>बाबुको नाम : चतुरी थारु<br>बाजेको नाम : बालपुरी थारु<br>ठेगाना : बर्दघाट-१०, अमरदिप टोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :११३६६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४९/०५/०३ | नाम : बनौतीकुमारी महतो थारु<br>पतिको नाम : विरेन्द्र कुमार थारु<br>ससुराको नाम : चतुरी थारु<br>ठेगाना : बर्दघाट-१०, अमरदिप टोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :१४९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति २०५५/०८/११ | चतुरी थारु को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक तिलकपुर वडा नं./ नक्सा सिट नं. ८ कित्ता नं. ५८५ र ५९१ को क्रमश क्षेत्रफल ०-२-४-० विगाहा र ०-०-१३-० विगाहा को जग्गा , सो ले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफनो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम विक्रिको कार्य हुने भएकोले लिलाम हुदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत धितो धनिलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखि दिएको सम्पति लिलाम विक्रि गरि वा यस सहकारी संस्था आफैले सकार गर्दा समेत साविक यस सहकारी संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा सहकारी संस्थाले आफैले सकार गरि लिएमा पछि मेरो /हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्रि भयो वा सहकारी आफैले सकार गरि लियो भनि कहिकतै उजुर बाजुर गर्न पाउनुहुने छैन साथै धितो लिलाम बिक्रि सम्बन्धि अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन ।

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.को

## सहकारीमा धितो राखेको अचल सम्पतिहरु लिलाम बिक्रि गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सुचना

( प्रकाशित मिति २०८२/०१/१३ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिका )

यस ग्रामीण बाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाई तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋणको यस सहकारी संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा , व्याज , हर्जाना तथाअन्य दै दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवम मिति २०८१।०८।१५ गते र २०८१।१२।०८ गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा सुचना प्रकाशित गर्दा समेत ऋणको साँवा , व्याज , हर्जाना तथा अन्य दस्तुर नतिरी नबुझाई सहकारी संस्था संग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएकोले सहकारी संस्थाको नाममाधितो बन्धक लेखि दिएको तपशिल बमोजिमको सम्पति जहा जे जस्तो अवस्थामा छ , सोही अवस्थामा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी सहकारी संस्था को नियमनानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदालिन इच्छुक व्यक्ती तथा संस्थाहरुले सहकारी संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी यो सुचना प्रकाशित भएको मितिले ३५ ( पैतिस ) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ३६ ( छत्तिसौ ) दिन (बोलपत्र बुझाउने अन्तिम दिन /खोल्ने दिन बिदा परेमा बिदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउने /खोलिने हुँदा) तपशिलमा उल्लिखित मिति , समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि , ऋणी , धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सुचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधापुग्ने छैन । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम विक्रि नभएमा सो सम्पति अन्य व्यवस्था गरि बेचबिखन गर्न सक्नेछ वा प्रचलित कानुन बमोजिम यस सहकारी संस्थाले सकार गरि लिन सक्ने र उक्त सम्पतिबाट यस सहकारी संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम असुल उपर गर्न आवश्यक कारवाहि अघि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/०२/१८ दिउँसो ४ बजे
स्थान : संस्थाको केन्द्रिय कार्यलय,
बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प

बोलपत्रखोलिनेमिति
२०८२/०२/१९दिउँसो ४ बजे
स्थान : संस्थाको केन्द्रियकार्यलय,
बर्दघाट-७ , जिमिरेभार नवलपरासी ब.सु.प

तपशिल

| क्र.सं. | ऋणीको विवरण | धनजमानी दिने व्यक्तीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | नाम : रेखा न्यौपाने<br>पतिको नाम : ददिराम न्यौपाने<br>ससुराको नाम : पुरुषोत्तम न्यौपाने<br>ठेगाना : बर्दघाट-७, जिमिरेभार , नवलपरासी ब.सु.प.)<br>ना.प्र.प.न. : ४७९६५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५५/०८/१४ | नाम : ददिराम न्यौपाने<br>बाबुको नाम : पुरुषोत्तम न्यौपाने<br>बाजेको नाम : भविलाल न्यौपाने<br>ठेगाना : बर्दघाट-७, जिमिरेभार, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४७५८०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५५/०७/२९ | रेखा न्यौपानेको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविकमा कर वडा नं./ नक्सा सिट नं. ७ ङ कित्ता नं. ८३९ को क्षेत्रफल ०-०-१०-० विगाहाको जग्गा , सो ले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |
| २ | नाम : पोमिल लामिछाने<br>बाबुको नाम : लिला लामिछाने<br>बाजेको नाम : दिनानाथ लामिछाने<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७७७२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१६ | नाम : शान्ता भुजेल लामिछाने<br>पतिको नाम : पोमिल लामिछाने<br>ससुराको नाम : लिला लामिछाने<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३६१०५८/३४४<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६६/१२/२२ | शान्ता भुजेल लामिछाने को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक तिलकपुर वडा नं./ नक्सा सिट नं. ३ ग कित्ता नं. १३७८ र १३८२ को क्षेत्रफल क्रमश ०-०-११-२ विगाहा र ०-०-११-२ विगाहाको जग्गा , सो ले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |
| ३ | नाम : धनमाया ढकाल<br>पतिको नाम : चन्द्रकान्त ढकाल<br>ससुराको नाम : सदाखर ढकाल<br>ठेगाना : बर्दघाट-९, सुनटाडी , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८८२३<br>जि.प्र.का. : रुपन्देही<br>जारी मिति : २०५६/१०/०५ | नाम : चन्द्रकान्त ढकाल<br>बाबुको नामः सदाखर ढकाल<br>बाजेको नामः तिलकराम ढकाल<br>ठेगाना : बर्दघाट-९, सुनटाडी , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : २३६८<br>जि.प्र.का. :स्याङजा<br>जारी मिति : २०४४/०९/१० | धनमाया ढकालको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक जहदा वडा नं./ नक्सा सिट नं. ४ ख कित्ता नं. ४७८ को क्षेत्रफल ०-४-१४-० विगाहाको जग्गा , सो ले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |
| ४ | नाम : लक्ष्मी भट्टराई<br>पतिको नाम : विष्णु प्रसाद भट्टराई<br>ससुराको नाम : हिमलाल भट्टराई<br>ठेगाना : बर्दघाट-१४, गंगावस्ती, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८५००८<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६२/०९/२६ | नाम : विष्णु प्रसाद भट्टराई<br>बाबुको नाम : हिमलाल भट्टराई<br>बाजेको नाम : नदिश्वर भट्टराई<br>ठेगाना : बर्दघाट-१४, गंगावस्ती, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६०८०६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५८/०८/२० | लक्ष्मी भट्टराई को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविकमा कर वडा नं./ नक्सा सिट नं. ७ च कित्ता नं. ८० को क्षेत्रफल ०-२-०-० विगाहाको जग्गा , सोले चर्चेको सम्पुर्ण लिग लिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफनो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिनधितो लिलाम विक्रिको कार्य हुने भएकोले लिलाम हुदाको दिन लिलामबाट कायम हुने धितो मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत धितो धनिलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखि दिएको सम्पति लिलाम विक्रि गरि वा यस सहकारी संस्था आफैले सकार गर्दा समेत साविक यस सहकारी संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा सहकारी संस्थाले आफैले सकार गरि लिएमा पछि मेरो /हाम्रो सम्पतिको उचित मूल्यप्राप्त नभई कम मूल्यमा लिलाम बिक्रि भयो वा सहकारी आफैले सकार गरि लियो भनि कहिकतै उजुर बाजुर गर्न पाउनुहुने छैन साथै धितो लिलाम बिक्रि सम्बन्धि अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन ।

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# तम्घास–सिमलटारी सडकमा चारवटा पक्की पुल निर्माण



गुल्मी । मदन भण्डारी राजमार्गअन्तर्गत गुल्मीको तम्घास-सिमलटारी सडकमा चारवटा पक्की पुल निर्माण गरिएका छन् । मदन भण्डारी राजमार्ग आयोजना गुल्मीबाट २८ किलोमिटर लामो यस सडकअन्तर्गत हुलाके, फूलबारी, घमिर र धनार्जी खोलामा पुल निर्माण गरिएका हुन् । पन्थ निर्माण सेवाले २०७८ साल माघमा फूलबारी खोला पुल रु तीन करोड ३२ लाख ६८ हजार ६३६ र घमिरखोला पुल रु तीन करोड १३ लाख ८४ हजार २३४ मा निर्माण सम्झौता गरेको थियो ।

त्यस्तै, सुनिल समिर निर्माण सेवाले ०७९ साल जेठामा हुलाके खोला पुल रु पाँच करोड ७९ लाख ५३ हजार ३३५ र धनार्जी खोला पुल सात करोड ४८ हजार ९९३ मा निर्माण सम्झौता गरेको थियो । चारैवटा पुलको कुल लागत रु १९ करोड २६ लाख ५५ हजार २०१ रहेको मदन भण्डारी राजमार्ग आयोजनाका सूचना अधिकारी होमनाथ पौडेलले जानकारी दिए । फूलबारी खोला पुल २०, घमिर खोला पुल १५, धनार्जे खोला पुल ३५ र हुलाके खोला पुल २५ मिटर लम्बाइका रहेका छन् ।

पुल निर्माण भएपछि इस्मा, धुर्कोट, मदाने, मालिकालगायतका नागरिकलाई राहत मिलेको छ । खासगरी वर्षायाममा पानीको बहाव बढी हुँदा यातायातमा निकै समस्या हुने गरेको थियो । विद्यार्थीहरूलाई विद्यालय जान, समयमै गन्तव्यमा पुग्न कठिन हुने गरेकामा अहिले सहज भएको छ । तम्घास-सिमलटारी सडकको चार स्थानमा पुल निर्माण नहुँदा गाडी फस्ने, पल्टिने, आवतजावत गर्न नसकेर वर्षौं नागरिकले सास्ती खेप्नु परेको थियो । समयमै पुल निर्माण नहुँदा नेता र नेतृत्वले निकै आलोचना पनि खेप्दै आएका थिए । अहिले चारवटा पक्की पुल एकैचोटी निर्माण भएका छन् । जसले गर्दा गुल्मी पश्चिमका पाँच स्थानीय तहसँगै प्यूठानका नागरिकलाई समेत सहज भएको छ । "पुल नबन्दा धेरै जोखिम थियो, नागरिकले धेरै सास्ती खेप्नुपरेको थियो", इस्मा गाउँपालिका-२ स्थित पालुखा माविका शिक्षक बाबुराम पन्थीले भने-"अहिले धेरै सहज भएको छ ।"

अट्ठाइस किलोमिटरको तम्घास-सिमलटारी सडक कालोपत्र भएपछि इस्मा, मालिका, धुर्कोट र मदानेसहित प्यूठानका स्थानीयहरूलाई समेत यात्रामा लाग्ने समय घटेको छभने सडकले कैयौं व्यावसायिक कामहरूको सुरूवात भएको छ । सडकको अहिलेको अवस्था मात्रै नभएर भोलिको भविष्य सम्झेर होटल तथा विभिन्न व्यवसाय गर्नेहरूको संख्या बढ्दै गएको छ । छल्दी पनाहा, झरना, हुलाके, धनार्जी, चौरासी, राङ्गदल, फूलबारी र सिमलटारीलगायत स्थानमा होटल, ग्यारेज, फेन्सी, डेरी तथा व्यावसायिक तरकारी तथा पशुपालनको कामहरू भइरहेको इस्मा गाउँपालिका-६ का अगुवा कृषक कृष्ण घिमिरेले बताए ।

# नवलपरासीमा ९ जना औंलो रोग संक्रमित भेटिए



गौरीशंकर जयसवाल

परासी

पश्चिम नवलपरासीमा विश्व औंलो दिवस मनाइएको छ । जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीले पुनर्लगानी पुनर्सोंच र पुनर्जागरण हामीबाटै औलो निवारण भन्ने नारासहित सञ्चारकर्मीहरू र सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम गरी विश्व औलो दिवस मनाइएको हो ।

स्वास्थ्य कार्यालयका वरिष्ठ मलेरिया इन्स्पेक्टर देवीलाल पौडेलले जिल्लामा औलोको अवस्थाबारे तथ्याङ्क सार्वजनिक गरेका थिए । उनका अनुसार चालू आर्थिक वर्षमा ९ जना औलो रोगका बिरामी भेटिएका हुन् । पौडेलले गत वर्षमा १६ जनामा औलो भेटिएको समेत बताए ।

चालु वर्षमा सबैभन्दा रामग्राम नगरपालिकामा ४ जना औलो रोग संक्रमित भेटिएको इन्स्पेक्टर पौडेलले बताए ।

उनका अनुसार बर्दघाट नगरपालिकामा ३ जना र सुनवल २ जना औलो रोग संक्रमित भेटिएको हुन् । चालु वर्षमा पाल्हीनन्दन, सुस्ता, प्रतापपुर, सरावल गाउँपालिकामा औलो रोगी संक्रमित नभेटिएको स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ ।

स्वास्थ्य कार्यालय नवलपरासी प्रमुख अगदबहादुर शाहीले औलो रोग लामखुट्टेको टोकाइबाट सर्ने बताउँदै लामखुट्टेका ४ सय ३० प्रजातिका लामखुट्टे रहेकोमा ४३ जातका लामखुट्टेले औलो सार्ने सक्ने जनाए ।

अहिलेसम्म नेपालमा ४ प्रकारका लामखुट्टेको टोकाइले औलो सारेको पाइएको उनकोभनाइ थियो ।

नेपाल सरकारले सन २०२५ मा स्थानीय औलोलाई शून्यमा राख्ने र बाहिरबाट आएकालाई नियन्त्रण गर्ने लक्ष्य राखेको थियो, तर आजसम्मको अवस्था हेर्दा यो लक्ष्य पूरा नहुने देखिन्छ ।

# सिद्धबाबा हस्पिटल सातौं वर्षमा




बुटवल । बुटवलको सिद्धबाबा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिले शुक्रबार सातौ वार्षिकोत्सव मनाएको छ । नेपालमै केही गरौं भन्ने उद्देश्यले युवा चिकित्सकको टिमको पहलमा सिद्धबाबा हस्पिटल स्थापना भएको हो ।

वार्षिकोत्सवको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलमा न्यूरो, किडनी र मुटुसम्बन्धी सेवा अस्पतालले दिएर बिरामीलाई सहज बनाएको बताए । आगामी दिनमा आफ्ना सेवा विस्तार गर्दै जान र दायित्व पूरा गर्न पालिकाले पनि सहयोग गर्न तयार रहेको नगर प्रमुख पाण्डेयको भनाइ छ ।

अस्पतालमा जोमिख मोलेर डक्टरहरुलाई लगानी गरेको स्मरण गर्दै नगरप्रमुख पाण्डेयले सेवाग्राहीसँग फ्रन्ड डेक्स कमजोर रहेको बताए । उनले डक्टर र नर्सको व्यवहार पनि बिरामीलाई राम्रो हुनुपर्ने बताए । पाण्डेयले निजी अस्पतालहरुमध्ये बिरामीमा जनउत्तरदायी व्यवहार गरेको छ भन्ने स्थापित गर्न आग्रह गरे ।

अस्तालका अध्यक्ष डा. दीपेश प्रधानले आगामी दिनमा अस्पतालला थप सेवा विस्तारसहित अगाडि बढाउने बताए । उनले अहिले भाडाको घरमा रहेको अस्पताललाई थप परिस्कृत गर्दै आफ्नै भवनमा सञ्चालन गर्ने गरी योजना बनाएको बताएका थिए ।

अस्पतालका निर्देशक डा. यमनचन्द्र प्रधानले अस्पताललाई आगामी दिनमा आफ्नै भवनबाट भरपर्दो र विश्वाससिलो अस्पताल बताउने जनाए । कार्यक्रममा अस्पतालका निर्वतमान अध्यक्ष तथा वरिष्ठ मृगौला रोग विशेषज्ञ शक्ति बस्नेतले अस्पताललाई स्थानीय सरकारको मार्गनिर्देशन आवश्यक रहेको औंल्याए ।

यस क्षेत्रमा अस्पतालको सिन्डिकेट तोडेर अस्पताल स्थापना गरिएको स्मरण गर्दै डा. बस्नेतले सात वर्षमा लुम्बिनी प्रदेशका बिरामीलाई चितवन र काठमाडौं जानुपर्ने बाध्यकारी अवस्था अन्त्य गरेको बताएका थिए ।

नेपालमा २ हजार पाँच सय चिकित्सक देश छाड्ने अवस्थामा देखिएको भन्दै देशमै रोक्ने योजना आवश्यक रहेको उनले बताए । हस्पिटलका कानुनी सल्लाहकार महेन्द्र पाण्डेले अस्पतालको सेवा गुणस्तरीय र सर्वसुलभ रहेको बताउँदै यसलाई निरन्तरता आवश्यक रहेको जनाए ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकालले सर्वसुलभ सेवासहित विपन्न नागरिकलाई पनि सेवा दिन आग्रह गरे । बुटवलका अधिकांश अस्पताल रिफर सेन्टर बनेको गुनासो आइरहेको भन्दै उपाध्यक्ष ढकालले यही पूर्ण उपचार हुन्छ भन्ने स्थापित बन्नुपर्नेमा जोड दिए । वडा प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक (इन्पेक्टर) विष्णुबहादुर बस्नेतलगायतले बोलेका थिए ।

वार्षिकोत्सवको अवसरमा उत्कृष्ट कर्मचारीमा टिकादेवी राना र कर्मचारी मञ्जु थापा घोषणा भएका छन् । साथै सो अवसरमा तीन वर्षका कार्यरत कर्मचारीलाई प्रशंसापत्रले सम्मान गरिएको थियो ।

अस्पतालामा १०० जना डाक्टर र कर्मचारी कार्यरत छन् । कार्यक्रमको सञ्चालन अस्पतालका व्यवस्थापक प्रकाश न्यौपाने गरेका थिए ।

# लुम्बिनीमा अन्तर्राष्ट्रिय साँस्कृतिक 'सेमिनार' गरिने



भैरहवा । लुम्बिनीमा अन्तर्राष्ट्रिय सांस्कृतिक 'फेस्टिवल र सेमिनार' आयोजना गरिने भएको छ । नेपाल र चीनबिचको साँस्कृतिक सम्बन्ध विस्तारका लागि चौथो सेमिनार आयोजना गर्न लागिएको हो ।

यही बैशाख १३ र १४ गते आयोजना हुने उक्त कार्यक्रमको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । फेस्टिवलअन्तर्गत अन्तर्राष्ट्रिय सेमिनारको आयोजक लुम्बिनी बौद्ध विश्वविद्यालय रहेको छ भने फेस्टिवलको समन्वय 'सारीपुत्र फाउन्डेसन'ले गरेको हो ।

चीनको 'वर्ल्ड एलायन्स फर बुद्धिष्ट कल्चरल एक्सचेन्ज लिमिटेड' र 'विचो पिस क्यालिग्राफी एन्ड पेइनिङ एकेडेमी'ले सहकार्य गरेका छन् । यसमा संस्कृति तथा पर्यटन मन्त्रालय र लुम्बिनी विकास कोषको समेत सहकार्य रहेको छ । फेस्टिवलमा ४० देशका प्रतिनिधि सहभागी हुने बताइएको छ ।

अन्तर्राष्ट्रिय सेमिनार लुम्बिनी बौद्ध विश्वविद्यालयमा हुनेछ । विश्वविद्यालयको मेत्ता हलमा हुने उक्त सेमिनारको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले गर्ने कार्यक्रम रहेको छ । सेमिनारमा ४० कार्यपत्र प्रस्तुत हुने सेमिनार संयोजक डा.सागर न्यौपानेले जानकारी दिए । बौद्ध संस्कृति, चिनियाँ संस्कृति, कला, परम्परागत बौद्ध चिकित्सा तथा बौद्ध शिक्षामा केन्द्रित रहेर सेमिनारमा कार्यपत्र प्रस्तुत गरिने उनले बताए ।

फेस्टिवलअन्तर्गत अन्तर्राष्ट्रिय ध्यान केन्द्रमा सांस्कृतिक कार्यक्रम तथा फोटो प्रदर्शनी हुनेछ । मायादेवी मन्दिर, रामग्राम र तिलौराकोटमा दीप प्रज्ज्वलन गर्ने कार्यक्रम रहेको सारिपुत्र फाउन्डेसनले जनाएको छ । यसअघि पहिलो, दोस्रो र तेस्रो सांस्कृतिक फेस्टिवल कम्बोडिया, श्रीलङ्का र थाइल्याण्डमा भएका थिए ।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## वन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

-वन क्षेत्रमा आगो नबालौं ।

-सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं ।

-सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं ।

-चुरोट, बिडीका ठुटा जथाभावी नफालौं । यसले आगलागीको जोखिम नित्याउन सक्छ ।

-डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं ।

-वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरौं ।

-समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं ।

डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चट्याङ्गबाट बचौं र बचाऔं

आकाशमा बिजुली चम्कदा र गडयाङ्गगुङ्ग हुँदा

-घरभित्रै बसौं ।

-रुख वा बिजुलीको पोलमुनि नबसौं ।

-पौडी खेल्ने, डुंङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं ।

-सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं ।

-टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं ।

-झ्याल, भ्याङ, बुइगल, बरण्डाको ग्रील बारलगायतका धातुजन्य वस्तु नछोऔं

चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com